म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ७३ २०८० माघ १७ गते बुधबार 31 January 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका नि: शुल्क वाईफाई प्रयोग नगरौं ।
अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपी/पासवर्ड अरुलाई शेयर नगरौं ।
सुरक्षित रुपमा वित्तीय कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पहिलो पटक कार्यतालिकाअनुसार हेटौंडा उपमहानगरको कार्यपालिका बैठक बस्यो



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको कार्यपालिका बैठक पहिलो पटक कार्यतालिकाअनुसार मंगलबार बसेको छ। हरेक महिनाको २ र १६ गते कार्यपालिका बैठक बस्ने कार्यतालिकाअनुसार चालु आर्थिक वर्षमा पहिलो पटक माघ १६ गते मंगलबार बैठक बसेको हो। बैठक लगत्तै निर्णयहरु समेत सार्वजनिक गरिएको छ। हेटौंडा उपमहानगरपालिकाको सूचना शाखाले कार्यपालिका बैठकको निर्णय जानकारी गराएको छ।

मंगलबार दिउँसो बसेको कार्यपालिका बैठकले अघिल्लो कार्यपालिका बैठकको समीक्षा गर्दै ५५ औं नगर स्थापना दिवस विविध कार्यक्रम गरी आगामी फागुन १ गते मनाउने निर्णय गरेको छ। गत वर्षदेखि मात्रै उपमहानगरले स्थापना दिवस मनाउन सुरु गरेको थियो। कार्यपालिका बैठकले हेटौंडा-४ मा निर्माणाधिन बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ। बहुउद्देश्यीय भवन निर्माण सम्झौता गरेको निर्माण व्यवसायीले निर्माण कार्य अगाडि बढाउन स्थानीयको अवरोध रहेको भन्दै निर्माण कार्य अगाडि बढाउन नसक्ने जनाउँदै उपमहानगरपालिकामा क्षतिपूर्ति समेत दावी गरेर काम रोकेको छ।

कार्यपालिका बैठकले नगरका २, ८, १७ र १८ नम्बर वडाको बालबालिकाका लागि पञ्चवर्षीय आवधिक योजना स्वीकृत गर्ने निर्णय गरेको छ। हेटौंडा उपमहानगर पालिका बालमैत्री पालिका घोषणा गर्ने तयारी भइरहेका बेला वडागत पञ्चवर्षीय योजना स्वीकृत गर्ने निर्णय भएको हो। यस्तै विभिन्न निकायबाट जग्गाप्राप्तिका लागि सिफारिस माग भएअनुसार स्थलगत अध्ययन गरी प्रक्रिया अगाडि बढाउने निर्णय पनि कार्यपालिका बैठकले गरेको छ। उपमहानगरको सामाजिक समावेशीकरण नीति तर्जुमा गर्न सैद्धान्तिक सहमति उपलब्ध गराउने, नवप्रवर्द्धनसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने, नवप्रवर्द्धनसम्बन्धमा सरोकारवाला निकायसँग समन्वय गर्ने निर्णय पनि कार्यपालिका बैठकले गरेको छ। हेटौंडा-५, क्याम्पाडाँडास्थित प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्रको पहिलो गेट नजिकको सार्वजनिक बाटोमा बनेको संरचना हटाउने निर्णय गरेको छ।

## शहीदको शालिकमा माल्यार्पण

समाज संवाददाता

हेटौंडाः शहीद दिवसको अवसरमा हेटौंडा-११ स्थित शहीद स्मारकमा रहेको शहीदको शालिकमा माल्यार्पण गरिएको छ। शहीद सप्ताहको अन्तिम दिन तथा शहीद दिवसको अवसरमा मंगलबार शहीद सप्ताह मुल समारोह समितिले शहीदहरुको शालिकमा माल्यार्पण गरेको हो।

कार्यक्रममा बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्य रहेको थियो। माल्यार्पण कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, शहीद स्मारकका विकास समितिका अध्यक्ष डोरमणि पौडेल, बागमती प्रदेशका प्रमुख प्रतिपक्षी दलका नेता जगन्नाथ थपलिया, हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामालगायतको उपस्थिति रहेको थियो। शहीद सप्ताह मुल समारोह समितिले माघ १० गतेदेखि विभिन्न कार्यक्रमको आयोजना गरेको थियो। सप्ताहको अन्तिम दिन मंगलबार शहीदको शालिकमा पुष्पगुच्छा तथा माला अर्पण गरिएको छ।



*सहीद स्मारकमा माल्यार्पण गर्नुहुँदै बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मा ।*

हार्दिक बधाई एवम् आभार



हेटौंडा रगर्स रग्बी क्लबको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको प्रायोजनमा सोमबार सम्पन्न **हेटौंडा सेभेन्स रग्बी प्रतियोगिता**मा उपाधि विजेता महिलातर्फ हेटौंडा उपमहानगरपालिका र पुरुषतर्फ हिमालयन टाइगर क्लबलाई हार्दिक बधाई ज्ञापन गर्दै सहभागी सबै टिम, सहयोगी हेटौंडा उपमहानगर पालिका, नेपाल रग्बी संघको केन्द्र, प्रदेश र जिल्ला संघका पदाधिकारी, रेफ्री, पिप्ले-क्याम्पा रंगशालामा हार्दिक आभार व्यक्त गर्दछौं।

बिक्रम भारती, अध्यक्ष
एवम् हेटौंडा रगर्स रग्बी क्लब परिवार
हेटौंडा, मकवानपुर

## निर्देशनालयमा लगाइएको ताला खुल्यो

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश कृषि तथा पशुपछी विकास निर्देशनालयमा लगाइएको ताला खोलिएको छ। मंगलबार प्रदेश सरकारले दूधमा दिँदै आएको अनुदान घटाएपछि बागमती प्रदेशमा रहेका जिल्ला दुग्ध सहकारी संघहरुले संयुक्तरुपमा निर्देशनालयमा कालो ब्यानर, धर्नासहित तालाबन्दी गरिएको थियो।

आन्दोलनकारी किसान र सम्बन्धित पक्षका व्यक्तिहरुबीच भएको छलफलपश्चात् ३ निर्णय गर्दै निर्देशनालयमा लगाइएको ताला खुलेको हो। कृषि तथा पशुपछी विकास मन्त्रालयका सचिव राजेन्द्र कोइराला र निर्देशनालयका निर्देशक डा. गौरीमान श्रेष्ठ तथा संघका प्रतिनिधिहरुबीच छलफलपश्चात् ताला खोलिएको हो।

उत्पादनमा आधारित (प्रति लिटर) अनुदानका लागि २०८० पुस १९ गते प्रकाशित सूचना अर्को व्यवस्था नभएसम्मको लागि स्थगित गर्ने निर्णय भएको छ। यस्तै, उत्पादनमा आधारित अनुदान शीर्षकमा थप बजेटको व्यवस्था गरी माघ २३ गतेसम्म अर्को सूचना प्रकाशन गर्ने सहमति भएको छ। नभएको खण्डमा २४ गते पुनः किसानसहित कृषि मन्त्रालयमा आन्दोलन गर्ने निर्णय भएको छ। माघ २३ गतेसम्मका लागि निर्देशनालयमा लगाएको ताला खुला गर्ने सहमति भएको हो।

आन्दोलनमा दुग्ध उत्पादनमा आधारित अनुदानका लागि प्रकाशित सूचना बदर गरियोस्, दुग्ध उत्पादक किसानहरुलाई दिँदै आएको लिटर अनुदान (उत्पादनका आधारमा) बिगतभन्दा कम नहुनेगरी दिने व्यवस्था तुरुन्त मिलाइयोस्, दुग्ध उत्पादक किसानको भुक्तानी अबिलम्ब दिने व्यवस्था मिलाइयोस्, दुग्ध उत्पादनको बजारीकरणको ग्यारेन्टी गरियोस्, किसानको आवश्यक्ताको आधारमा अनुदान दिने व्यवस्था गरियोस् भन्दै सहकारी संस्थाहरुले माग राखेका छन्। प्रदेश सरकारले गत वर्ष ३० करोड विनियोजन गरी किसानलाई प्रतिलिटर ३ रुपैयाँ ५६ पैसा अनुदान वितरण गरेकोमा यस वर्ष बजेट घटाएर जम्मा ५ करोडमात्र छुट्याएको थियो।

धर्नामा केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद सापकोटा, उपाध्यक्ष भागिरथ तिमल्सिना, सञ्चालक सदस्य बिदुर हुमागाई, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कँडेलको सहभागिता थियो। आन्दोलनमा चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगाले, सिन्धुली जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष नवराज गजुरेल, काभ्रे जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष नारायण बराल, धादिङ जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष रामचन्द्र पण्डित, भक्तपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद नेपाल, ललितपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष कृष्णप्रसाद सापकोटा, सिन्धुपाल्चोक जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष झनक तिमल्सिनालगायत किसानको उपस्थिति रहेको थियो।

जग्गा भाडामा चाहियो ?



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कठ्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

सम्पर्क नम्बरः ९८४९५४६८३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# हाम्रो देश



**सन्देश पौडेल**

छलछल छल्किएका रमाइला खोलाहरु
हाँसीखुसी गइरहेका मानिसका चोलाहरू ।
संसारकै राम्रो छ नेपाल हाम्रो देश
राम्रा छन् भाषा अनि राम्रै परिवेश ॥

प्रकृतिले भरिएको सुन्दर नेपाल हाम्रो
बोलीचाली आनिबानी सबैको छ राम्रो ।
पशुपन्छी धेरै छन् हरियाली छन् वन
घुम्न आउने मानिसहरुको पग्लिनेछ मन ॥

कस्ता-कस्ता मानिसका लेखिएका छन् गाथा ।
विश्वकै सर्वोच्च शिखर यहीं छ सगरमाथा ।
जन्मे यहीं गौतम बुद्ध एसियाका तारा
नेपालमा फिदा छन् मानिसहरू सारा ॥

राम्रा राम्रा ठाउँ छन् अनि स्वच्छ हावापानी
हाम्रो देश नेपाल हो प्रकृतिको खानी ।
भनी सोध्यौ छन् अनि रमाइला कति कति
दर्शन गर्न आउँछन् सबै मन्दिर पशुपति ॥

पशुपति, स्वयम्भुनाथ आदि हुन नेपालका अंग
नेपाल घुम्दा मानिसहरु पर्छन दङ्ग ।
उकाली र ओराली छन् मनलाई मोह लाउने
नेपाल जस्ता सुन्दर देश कहाँ होला पाउने ॥

*कक्षा-१०, महेन्द्र मावि, बकैया-४*

# सरकार



**स्मृती दाहाल**

केही कुरा त्यो आफ्नो भावमा सार
तिमीसँगै केही गुनासो छ सरकार ।

जति ठूलो भयो थाहा छैन के भा छ
आफ्नो दाइ-भाइ, इस्ट-मित्र सँगै डर लाछ ।

यो कुरा नारीको डरको हो
त्यो मेरो मात्र होइन यो कहानी हरेक घर-घरको हो ।

म कविता लेख्छु तर कविताले कसैको मन फेर्न त सकेको छैन
न्यायको कुरा त गर्छु तर न्याय दिने म त्यो सरकार त होइन ।

आफ्नो सपना, घरपरिवारको
जिम्मेवारी र लाज सबको भार
हरेक दिन आफुलाई असुरक्षित महसुस गर्छु
के गरुँ म सरकार ?

दाईलाई फ्रिडम छ तर मलाई किन छैन
म नारी हुँ कहीं त्यही कारण त होइन
मलाई घरमा बन्दी बनाएर राखेका छन्
म नारि हुँ कुनै अपराधी त होइन ।

छोटो लुगा लगाएर बलात्कृत भएकाले नारी
त्यो चार महिनाको बालिकालाई
कसरी लगाई दिउँ म सारी ।


बलात्कृत हुनुको कारण लाज सरम नभाएर छोटो लुगा लाका
त्यसो हो भने ७०/८० वर्षकी आमा किन बलात्कृत भाका ।

दिनका दिन झन् अपराध बढी राछ
छिमेकीको छोरा जवान भाको छ उ सँग नि डर लाछ ।

जहाँ नारी स्वतन्त्र छन् त्यो समाज भेटाइ देउन सरकार
नारीको मनबाट बलात्कृत हुने डर भगाई देउ न सरकार ।

*कक्षा-८, महेन्द्र मावि, बकैया-४*

# कहाँ छ र ?



**रोशन घलान**

एक्लै हुँदा 'म छु' भन्ने साथ कहाँ छ ?
थपथपाउँदै धाप मार्ने हात कहाँ छ र ?

खुत्रुक्कै गलेको छ शरीर अनि मन पनि
थकाइ मार्दै अडेस लाग्ने काध कहाँ छ र ?

बुझाऊ र कसरी मुस्कुराएको मुहार न हो,
ठीक छ भन्दा दुःख बुझ्ने बात कहाँ छ र ?

नजिक पर्ने तिनै हुन्छन्, छुरा रोप्ने तिनै,
धोका दिँदै भन्ने गर्छन् घात कहाँ छ र ?

थाहा छ पीडामा मुर्झाउँछन् हरकोहि,
नओइलिने फूलको त्यो जात कहाँ छ र ??

# आमाबाबा



**रीता कार्की**

आमाले नौ नौ महिना कोखमा राख्नुहुन्छ
बाबाले पसिना बगाएर काम गर्नुहुन्छ ।

आमाले जन्म दिनुहुन्छ, असल बन्नुपर्छ भन्नुहुन्छ
बाबाले नाम राखिदिनुहुन्छ, पढेर अघि बढ्नु भन्नुहुन्छ ।

आमाले मलाई सम्मान र संस्कार सिकाउनुहुन्छ
बाबाले मलाई पढ्न र अघि बढ्न सिकाउनुहुन्छ ।

आमाले कपाल कोरी ड्रेस लगाइदिनुहुन्छ
बाबाले स्कूल लाने ल्याउने गर्नुहुन्छ ।

आमाले भान्साको काम सिकाउनुहुन्छ
बाबाले बाहिरको काम सिकाउनुहुन्छ ।

आमाबाबा मिलेर ठूलो बनाउनुहुन्छ
राम्रो संस्कार सिक्नुपर्छ भन्नुहुन्छ ।

आमाबाबा नै भगवानजस्तो लाग्छ
आमाबाबा नै मेरा गुरुजस्तो लाग्छ ।

*कक्षा-७ श्रमिक मावि, हेटौंडा-४, कर्रा*

# आमा



**सुलज्ञा साह**

आमा मायाकी खानी हुन्
हामी सबैको ज्ञानी हुन्
तोते बोली बोल्न पनि सिकाउने आमा
हट घोडा हट घोडा अनि हिँड्न सिकाउने आमा
च्याँच्याँ रुँदा पनि फकाउने आमा
भोको पेटमा बुबु-माम ख्वाउने आमा
यसो गर्दै बच्चा हामी ठूला भए
आमा तिमी सधैं बाँच्नु तिम्रो जय जय ॥

*कक्षा-३, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# मलाई चिन



**प्रशिद्धी भट्टराई**

अनौठो छ चाल मेरो रोकी रोकिदैन
नदी जस्तै बग्छु कतै छेकी छेकिदैन
पछि बस्न जान्दिन म बढ्छु अघि मात्र
दुनियाको नजरमा एक अनौठो पात्र

सबैलाई हिंडाउछु आफ्नै पाईला भित्र
छैनन् मेरा कुनै दुष्ट कुनै साह्रै मित्र
जसले मेरो चाल सँगै मिलाउंछ चाल
त्यसले मात्रै चिन्छ मलाई अनि मेरो हाल

कसैलाई ढिलो लाग्छु कसैलाई चांडो
कसैलाई अमृत लाग्ला कसैलाई घांडो
सबैलाई बराबर छ सम्मान मेरो
दुई दिनको जिन्दगीमा केको मेरो तेरो

मलाई चिन मेरो चाल सँगै चाल जोड
खुट्टा तान्ने खराब बानी आजै देखि छोड
समातेर राख मलाई छुट्न नदिकन
चिन्या भए लौ त मलाई मेरो नाम भन

*कक्षा ८, चन्द्रोदय मावि, हेटौंडा-८*

# मेरो स्कूल



**स्नेहा लम्साल**

मेरो स्कूल राम्रो छ
म पढ्न जान्छु ।
पढी-लेखी म त
ठूलो मान्छे बन्छु ।

स्कूल हाम्रो मन्दिर हो
अनेक शिक्षा पाइन्छ ।
साना-साना हातले
राम्रो अक्षर लेखिन्छ ।

मेरो स्कूलमा
फूलबारी पनि छ ।
स्कूलमा हामीले
राम्रो शिक्षा पाइन्छ ।

मेरो विद्यालयमा
कला थरीथरी ।
मैले राम्रो गरेर
पाए पुरस्कार ।


*कक्षा-५, हेटौंडा मोर्डन इङलिस बोर्डिङ स्कूल, हेटौंडा-९*

# चित्रकला






**सुयोग श्रेष्ठ**
**कक्षा:- ४**
**ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**






**समृद्धि श्रेष्ठ**
**कक्षा-२, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४**





**दिप्सन लामा**
**कक्षा-५, ज्ञानदा मावि, हेटौंडा-१०**

## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# विद्यार्थी परिचय



**गृष्म खरेल**

गृष्म हेटौंडा ४ स्थित नवोदय शिशु सदनको कक्षा ८ मा पढ्ने विद्यार्थी हुनुहुन्छ। विद्यालयको स्काउट क्लबमा गृष्म आवद्ध हुनुहुन्छ । र स्काउटको पेट्रोल लिडर पनि रहेको बताउनुहुन्छ ।

गृष्म घरको एक्लो छोरो हुनुहुन्छ। गृष्म सयुक्त परिवारमा बस्नुहुन्छ । गृष्मको बाबा होटेल व्यवसायी हुनुहुन्छ । गृष्मको आमा ब्याग पसल चलाउनुहुन्छ । गृष्मको हजुर आमा, काका र काकी अनी दुई जना भाई पनि हुनुहुन्छ। गृष्म शनिवार शनिवार आफ्नो परिवारसंग बसेर रमाउने गर्नुहुन्छ । गृष्मले आफ्नो परिवारलाई सघाउने र हजुरआमालाई पुजा गर्न पनि सघाउने गर्नुहुन्छ । गृष्म सामाजीक कार्यमा पनि सक्रिय हुनुहुन्छ । सरसफाई, बालमैत्रीको कार्यक्रमहरुमा सहभायि हुने गरेको बताउनुहुन्छ ।

गृष्मसंग हसाउन सक्ने कला छ। गृष्म रचनात्मक कार्यमा रुचि राख्ने गर्नुहुन्छ । गृष्मलाई नाटक पनि गर्न रुचि छ। विद्यालयमा नाटकको अभ्यास पनि गर्नुहुन्छ । गृष्मलाई खेलकुदमा धेरै रचि छैन । अतिरिक्त क्रियाकलापहरुमा मात्र सहभागि हुने गर्नुहुन्छ। वतित्वकला, हाजिर जवाफ जस्ता प्रतियोगिताहरुमा सहभागि हुने गर्नुहुन्छ । र यसै बाट मनोरञ्जन लिने गर्नुहुन्छ । गृष्म भविष्यमा वकिल बन्छु भन्नु हुन्छ । वकिल भएर समाज र देशलाई अपराध मुक्त बनाउने गृष्मको लक्ष छ ।

# भकुण्डो खेल



**✍प्रसिन थापा मगर**

गोलोगोलो भकुण्डो
खेलौना हो यो हाम्रो
खुट्टाले नै खेल्ने हो
चारैतिर डुल्ने हो

एघार छौं खेलाडी
सँगै खेल्छौं अगाडि
हुन्छ एक रेफ्री
बस्छन् लगाई जर्सी

चारकुने मैदान
सबै हेर्न आऊ न
जोश पनि ल्याउ न
हौसला नि देऊ न

हामी सबै खेलमा
लडी-लडी खेल्दछौं
आफ्नो नाम राखी
देशलाई सिंगाछौं

*कक्षा-६, कमाने एकेडेमी, हेटौँडा-८*

# हाम्रा जन्मदाता



**✍श्रीया रावल**

बुबाआमाले हामीमाथि
गर्नुभएको आशा
हामीले कहिले पनि बनाउनु हुँदैन
उहाँहरूलाई निराशा

कहिले छेकिन् र कहिले देखिन्
अजङ्गका पहाड मात्र होइनन् बुबाआमा
आफ्नो सपनाको खिल बसाई बसाई
सन्तानको सपना पूरा गरीदिने
एकमात्र जोडी प्राण हुन् बुबा-आमा

पीडा पर्दा सन्तानको अगाडि
लगाउँछन् उत्साहको घुम्टो
पहाडको चुचुरोले पनि नभेट्ने गरी
अग्ला-अग्ला आदर्श हुन् बुबा-आमा

*कक्षा-८, ज्ञानदा मावि, हेटौँडा-१०*

# सहीदप्रति सम्मान



**✍तनिशा लामा**

देशमा शान्ति कायम गर्न
उनले आफ्नो ज्यान दिए
आफू भन्दा धेरै-धेरै
उनले देशलाई माया दिए ॥

उनी मरे प्रजातन्त्र, लोकतन्त्र
गणतन्त्र भन्दा-भन्दै
देशबाट निरङ्कुशता हटोस्
भन्ने सोच्दा सोच्दै ॥

उनको त्यो श्वाससँगै
गयो प्रजातन्त्र
उनी भन्दा पहिले-पहिले
मऱ्यो प्रजातन्त्र

उनको सम्मान हुन्छ होला
वर्षमा एकदिन
अरू दिन कहाँ गयो ?
मूल्य त्यो रगतको लिन ॥

सहीद नभए हाम्रो देशले लिने थिएन आकार
पूरा गरौं हामीले सपना सहीदको साकार
सहीदहरुलाई वेवास्ता गरे झैं भयो भान
सबैले गरी उनीहरुलाई हृदयदेखि सम्मान हृदयदेखि सम्मान ।

*कक्षा-१०, ज्ञानदा मावि, हेटौँडा-१०*

# प्रकृति



**✍निर्जा घलान**

संसार एक प्रकृतिले भरिएको ठाउँ,
सानो-सानो टुक्रा बनेको छ गाउँ ।

सयौँ मानिस, जनावरहरुको हो घर,
मानिस कहिल्यै प्रकृतिबाट हुन्न पर ।

हरियाली वन स्वच्छ हावा रमाइला ठाउँ,
प्रकृतिले भरिएका विशिष्ट छन् नाउँ ।

चराहरु प्रकृतिको सुरिलो छ भाका,
बचाई राख्नु पर्छ सधैँ वीरताका गाथा ।

अग्ला अग्ला हिमाल र हरियाली वन,
साँस्कृतिक, प्राकृतिक विविधता धन ।

*कक्षा-७, सनराइज इंग्लिस बोर्डिङ स्कुल, हेटौँडा -१२*

# फूलबारी



**✍ सोनिसा दंगाल**

मेरो घर आँगनीमा
सानो-सानो फूलबारी
सानो-राम्रो फूलबारीमा
आउँछन् भमरा मनपरी ॥


मेरो सानो फूलबारीमा
थरी-थरी फूल छन्
त्यही फूल हेरी-हेरी
रमाइरहन्छ मन ॥

मलाई मन पर्ने धेरै
गुलाबको फूल
त्यही फूलमा डुल्न आउँछन्
भमराको हूल ॥

सयपत्री गोदावरी
जुही अनि जाइ
साथीसँग खेलिरहन्छु
फूलबारीमा गई ॥

*कक्षा-३, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# सहीद बन्न पाउँ !



**✍सरोजप्रसाद साह**

लुटाई रगतको मोल, देश चुनेका थिए !
रुवाई बन्दुकलाई, गोली खाएका थिए !!
कटाए शिर झुकेनन्, त्यो जीत बन्न पाउँ !!!
सहिद बन्न पाउँ, सहिद बन्न पाउँ, सहिद बन्न पाउँ !!!



काटिए टुक्रा-टुक्रा, राष्ट्र जोडेका थिए !
काँपिए जल्लाद राणा, जरा सहित उखारिए !!
लखनको बलिदानलाई सलाम गर्न पाउँ !!!
सहिद बन्न पाउँ, सहिद बन्न पाउँ, सहिद बन्न पाउँ !!!

उठाई शस्त्र सारा, सहिद लडेका थिए!
अस्तित्व हाम्रो बचाउन, अस्तित्व मेटाए काथिए!!
रणभूमिमा लड्दा लड्दै, बलिदान गर्न पाउँ !!!
सहिद बन्न पाउँ, सहिद बन्न पाउँ, सहिद बन्न पाउँ !!!



ओठको मुस्कानले, फाँसी चुनेका थिए !
भविष्यलाई बचाउँन, भविष्य मारेका थिए !!
स्वावलम्बी वीरताले, वीर बन्न पाउँ !!!
सहिद बन्न पाउँ, सहिद बन्न पाउँ, सहिद बन्न पाउँ !!!

अत्याचार चिर्दै, प्रलय क्रान्ति गरेका थिए !
देशभक्तिका हिमाल, पहाड बनेका थिए !!
गंगालाल, धर्म, माथैमा र शास्त्री बन्न पाउँ !!!
सहिद बन्न पाउँ, सहिद बन्न पाउँ, सहिद बन्न पाउँ !!!

# निस्वार्थको देवी-देवता



**✍संराज्ञी सापकोटा**

निस्वार्थ रही सधैं सफलताको बाटो देखाउने
सफल हुँदा खुसी हुने र
असफल हुँदा प्रेरणा बढाउने
ती हुन् मेरा आमा-बुबा ।

आमा-बुबाको प्रेम नै हुन्छ अमर
सदैव साथ रहिरहने,
जिउँदो भगवान हुन् बुवाआमा
प्रेरणाको दियो बाली हिँडने ।

आमाबुबाको साथ नै हो शक्ति
सधैं सफलताको कामना दिइरहने
हौसाला र साहरा दिने हुन् आमाबुबा
बालबालिकाका लागि आफ्नो खुसी त्यागी दिने ।

आमाबुबाको आर्शीवाद नै हुन्छ बलियो
हाम्रो आत्मशक्ति बढाइरहने
जगतको सारा खुसी दिन
निस्वार्थ देवीदेवता हुन् आमाबुबाले हौसला बढाइरहने ।

आमा-बुबा नै हुन् जीवनको आधार
जीवनलाई सजिलो बनाउने
आमाबुबाले दिन्छन् हामीलाई हौसला
बनाई आनन्दित र सहजताको सृजना ।

आमा-बुबा नै हुन जीवनको आधार
जीवनभर लक्ष्यमा पुग्न मदत गर्ने
बढाई हौसला र साहारा
सदैव सफलताको कामना दिई रहने ।

*कक्षा-८, जीएस निकेतन मावि, हेटौँडा-५*

# "मेरो जीवन"



**✍सेवक सिवाकोटी**

अगाडी बढ्दै छु म साथी हो
मरेर कसले लान्छ र के पो
संघर्षहरु आए चुनौती बनेर
तेस्लाई पार गरि दुई खुड्किला चढेर ।

१२ क्लास सम्ममा गयो दिन मात्र पढेर
अहिले ब्याचलर पुगे मध्य खुड्किला चढेर
केहि न केहि गर्न मन त लाग्छ
तर पुँजी नहुँदा मन थाक्छ ।

देशमा बसेर कम गर्न छ मन
तर यहाको तलबले सपना पुरा गर्न पुग्दैन धन
सपना बस् एक राम्रो घर र आमाबुबाको सुख
तर कोहि बिरामी हुँदा जचाउन खर्च हुन्छ लाख ।

लोकसेवाको प्रथम चरणमा त नाम निस्कियो
तर दोस्रो चरणमा लोकसेवाको प्रश्नले जिस्कियो
अहो ! कति गाह्रो हुँदोरैछ दोस्रो चरणमा असफल हुँदा
झन गाह्रो अन्तरवार्तामा असफल भई पीडाले मन दुख्दा ।

धैर्यता र लगनशीलताको प्रतिक रहेछ लोकसेवा
जोसुकैले दिन सक्ने भनिँदो रहेछ घोकसेवा
कहिले आउला सफलतासँग मित्रता गाँस्ने दिन
मन खिन्न हुन्छ तिर्न नसकेर पढ्न लागेको ऋण ।

साथीहरुले बिदेश गएर तस्बिर हाल्छन लोभ्याउँदो
तर कृपया त्यहाको वास्तविकता देखाए देशमै बस्न मन लाग्थ्यो
हामी जस्तो युवालाई अगाडी बढ्न चाहिने उत्प्रेरणाको खाँचो
त्यसपछि जस्तोसुकै परिस्थितिमा हात पारिन्छ सफलताको साँचो ।

*हेटौँडा-४, चिल्ड्रेनपार्क*

# प्यारी दिदी



**✍ रितुका माझी**

मेरी प्यारी दिदी
कति ज्ञानी तिमी

रुप रङ राम्रो
असल दिदी हाम्रो

नराम्रो नसिकाउने कहिल्यै
राम्रो सिकाउने जहिल्यै

स्कूल पनि पठाउने
होमवर्क पनि सिकाउने

संसारमा एक हौ तिमी
आमाको दोस्रो रुप हौ तिमी ।

*कक्षा-७, श्रमिक मावि हेटौँडा-४, कर्रा*

## मकवानपुर गोल्डकप सुरु

# उद्घाटन खेलमा बागमतीको विजयी सुरुवात



समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजना तथा हेटौँडा-१५ स्थित न्यु डाँफे युथ क्लबको व्यवस्थापनमा छैटौं संस्करणको शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ। मंगलबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन हेटौँडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले गर्नुभयो।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले खेललाई अनुशासित ढङ्गबाट सञ्चालन गर्न आग्रह गर्नुभएको छ। मकवानपुर गोल्डकप प्रतियोगिताले हेटौँडालाई चिनाउन ठूलो भूमिका निर्वाह गरिरहेको उहाँले बताउनुभयो।

हेटौँडा-६ स्थित गौरीटार रंगशालामा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा बागमती युथ क्लब सर्लाहीले विजयी सुरुवात गरेको छ। बागमती युथ क्लब सर्लाहीले पारो एफसी भुटानलाई ३-१ गोलले पराजित गर्दै विजयी सुरुवात गरेको हो।

बागमतीको तर्फबाट पहिलो हाफको ४ मिनेटमा गोल गर्दै राज भुसालले पहिलो अग्रता दिलाएका थिए। पहिलो हाफकै २८ औं मिनेटमा थप गोल गर्दै सिजन गौतमले अग्रतालाई कायम राखेका थिए। दोस्रो हाफको १५ औं मिनेटमा राज भुसालले थप एक गोल गर्दै टिमलाई जित दिलाएका छन्। भुटानको तर्फबाट दोस्रो हाफको ३६ औं मिनेटमा सेरुव दोर्जीले १ गोलमात्र फर्काउन सफल भएका थिए।

खेलको म्यान अफ द म्याच बागमतीका राज भुसाल घोषित भएका छन्। म्यान अफ द म्याच बन्न सफल भएका भुसालले नगद १० हजार रुपैयाँ प्राप्त गरेका छन्।

प्रतियोगिताअन्तर्गत् आज बुधबार न्युरोड क्लब (एनआरटी) काठमाडौँ र हिमालयन शेर्पा काठमाडौंबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिता आयोजनाका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौँडा उपमहानगरपालिका, मकवानपुरका विभिन्न स्थानीय निकायलगायतबाट सहयोग प्राप्त भएको आयोजकले जनाएको छ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ, उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीका लागि हेटौँडा-४ का व्यवसायी सन्तोष गौतमले ३ सय ५० सीसीको रोयल इन्फिल्ड बाइक प्रायोजन गर्नुभएको छ। यस्तै, अन्य विधागत उत्कृष्ट खेलाडीले २५-२५ हजार रुपैयाँ र म्यान अफ द म्याच हुने खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

यस वर्षको प्रतियोगिताको समापन कार्यक्रममा एकजना उत्कृष्ट पत्रकारलाई ५० हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिने जनाइएको छ। करिब १ करोड ६० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि प्रवेश शुल्क १ सय रुपैयाँ तोकिएको छ भने सेमिफाइनल र फाइनल खेलमा टिकटको रकम बढाउने जनाइएको छ।

जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौँडा उपमहानगर पालिकाका उपमेयर राजेश बानियाँ, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारी, सदस्य माधव तिमल्सिना, बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गी, कार्यालय प्रमुख माधव कोइरालालगायतको उपस्थिति रहेको थियो। गत वर्षको प्रतियोगिताको उपाधि मनाङ मर्स्याङ्दीले जितेको थियो। फाइनल खेलमा हिमालयन शेर्पा क्लबलाई १-० गोलअन्तरले हराउँदै मनाङ मर्स्याङ्दीले उपाधि जितेको थियो।

## गुम्बाडाँडामा ल्होछार कार्यक्रम हुने

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१३, ठूलोथलीस्थित गुम्बाडाँडामा सोनाम ल्होछार कार्यक्रम हुने भएको छ। मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजक ठूलोथली गुम्बाडाँडा सोनाम ल्होछार मुल समारोह समितिले कार्यक्रमबारे जानकारी गराएको हो।

समितिकी पूर्वअध्यक्ष संगीता वाईवाले कार्यक्रमबारे जानकारी गराउनुभयो। उहाँले आगामी फागुन ४ गते छैटौं पटक ल्होछार कार्यक्रम गर्न लागेको बताउनुभयो। तामाङ जातिको पहिचानका साथै उक्त स्थानमा अहिले निर्माणाधीन हेटौँडाको दोस्रो भ्यु टावरको प्रचारप्रसारका लागि यसपटक पनि कार्यक्रम आयोजना गर्न लागेको उहाँले बताउनुभयो।

समितिका अध्यक्ष सोमलाल थिङले कार्यक्रमका लागि वडा कार्यालय, नगरपालिका र विभिन्न दाताहरुबाट सहयोग प्राप्त हुने बताउनुभयो। कार्यक्रममा तामाङ संस्कृति झल्किने खालको राष्ट्रिय कलाकार र स्थानीय कलाकारहरुको प्रस्तुति रहने उहाँले बताउनुभयो। कार्यक्रममा ३० वटाभन्दा बढी स्टल रहने बताउनुहुँदै उहाँले १ हजार जनाभन्दा बढीले कार्यक्रमको अवलोकन गर्ने बताउनुभयो। कार्यक्रमका लागि करिब ६ लाख रुपैयाँ खर्च लाग्ने अनुमान रहेको उहाँले बताउनुभयो।

## सच्याइएको

मिति २०८० साल पुष २७ गते प्रकाशित समृद्ध समाज दैनिकको पृष्ठ ३ मा प्रकाशित १७ नम्बर वडाको प्लाष्टिक वितरण गर्ने सूचनामा प्रथम पटक प्रकाशित मिति २०८०/०९/२६ हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ। **सम्पादक**

## २२ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१६, हटियामा मंगलवार बिहान २२ जनाले रक्तदान गरेका छन्। श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको ३४ औं स्थापना दिवसको अवसरमा श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल मकवानपुरको आयोजनामा रक्तदान कार्यक्रम भएको हो।

परिषद्का जिल्ला अध्यक्ष शिवप्रसाद खतिवडा (राजु) को अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा संघीय सरकारका पूर्वमन्त्री राजन केसी, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, वडा अध्यक्ष रामकृष्ण कोइरालाको पनि आतिथ्य रहेको थियो। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाले प्राविधिक सहयोग गरेको थियो।

## हाजिरीजवाफमा कालीदेवी प्रथम

समाज संवाददाता

हेटौँडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा आयोजित पालिकास्तरीय अन्तर मावि हाजिरीजवाफ प्रतियोगितामा वडा नम्बर ९ स्थित कालीदेवी मावि प्रथम भएको छ। मंगलबार बकैया-८ स्थित जनजागृति माविमा भएको प्रतियोगितामा कालीदेवी माविको विद्यार्थी समूह प्रथम भएको हो।

नेपाल रेडक्रस सोसाइटी मकवानपुरको वार्षिक कार्यक्रमअनुरुप जनजागृति माविको युवा रेडक्रस सर्कल तथा ३ जिरो क्लबको संयुक्त आयोजनामा प्रतियोगिता भएको हो। प्रथम हुने कालीदेवी माविको समूहमा राज भोलन, करिना घलान र फूलराज थिङ रहेका छन्। यस्तै, द्वितीय हुने समूहमा आयोजक जनजागृति माविकी सुस्मिता घलान, महेश घलान र निका स्याङ्तान रहेका छन्। तृतीय हुनेमा बकैया-५ स्थित प्रभात माविका छेवाङ थिङ, प्रविना नेपाली र कर्साङ स्याङ्तान रहेका छन् भने सान्त्वना हुने बकैया-७ स्थित जनक माविका ऐश्वर्य खड्का, माधव फ्युँयाल र यशोधा फ्युँयाल रहेका छन्।

प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने सबैलाई शिल्ड, प्रमाणपत्र र शैक्षिक सामग्री वितरण गरिएको जनाइएको छ। प्रतियोगितामा पालिकाभित्रका ७ वटा माविका विद्यार्थी समूहको सहभागिता रहेको आयोजक जनजागृति माविका प्रधानाध्यापक पेम्बा लामाले बताउनुभयो। जनजागृति माविका युवा रेडक्रस सर्कल सभापति रमित घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा बकैया-८ का वडाध्यक्ष विष्णु नेगी र कार्यक्रमको लागि पुरस्कार उपलब्ध गराउने जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, शिखरपुर शाखा प्रमुख विजय चौधरीलगायतको आतिथ्य रहेको थियो।

## जन्मदिनको अवसरमा विद्यार्थीलाई स्टेशनरी

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई स्टेशनरी सामग्रीका लागि १४ हजार रुपैयाँ हस्तान्तरण गरिएको छ। सोमबार विद्यालयका शिक्षक घनश्याम ढकाल र एवम् कर्मचारी दीपा खतिवडाले जन्मदिनको अवसरमा ७-७ हजार हस्तान्तरण गर्नु भएको विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले जानकारी दिनुभयो।

विद्यालयका विद्यार्थीहरुलाई आवश्यक पर्ने स्टेशनरी सामग्री वितरण गर्ने उद्देश्यले रकम हस्तान्तरण गरिएको हो। विद्यालयका कक्षा शिक्षकहरुले आर्थिक अवस्था कमजोर तथा विपन्न विद्यार्थीको सूची बनाई पेश गरेपछि सामग्री हस्तान्तरण गर्ने बताइएको छ। कक्षा शिक्षकको सिफारिसको आधारमा विद्यार्थीलाई सामग्री हस्तान्तरण गरिनेछ।

विद्यालयले आधारभूत कक्षालाई धेरै फोकस गर्ने चौलागाईले बताउनुभयो। कार्यक्रममा प्रधानाध्यापक चौलागाई र सहायक प्रधानाध्यापक रामआशीष मण्डल, विभिन्न विभाग संयोजक, शिक्षक, कर्मचारीलगायतको सहभागिता रहेको थियो। विद्यालयले पहिलेदेखि नै यस्ता कार्यक्रम गर्दै आएको छ। विद्यालयका शिक्षक तथा विभिन्न कर्मचारीले विशेष दिनमा विद्यार्थीलाई आवश्यकताअनुसार सामग्री हस्तान्तरण गर्ने गरेका छन्। विद्यालयमा करिब एक हजार ८ सय विद्यार्थी अध्ययनरत छन्।

## स्ववियुको वार्षिकोत्सवमा खेलकुद हुँदै

समाज संवाददाता

हेटौँडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) मकवानपुर बहुमुखी क्याम्पसको ४४ औँ वार्षिकोत्सवको अवसरमा खेलकुद कार्यक्रम हुने भएको छ। आगामी माघ २१ गतेदेखि फागुन ५ गतेसम्म खेलकुद कार्यक्रम हुने भएको हो।

क्याम्पसका स्ववियु सभापति छयोइसाङ लामाका अनुसार प्रतियोगिता आयोजनाका लागि विभिन्न प्रतियोगिताको संयोजक तोकेर कार्यतालिका बनाइएको छ। खेलकुद कार्यक्रमअन्तर्गत् फुटबल, भलिबल, बास्केटबल, कबड्डी, दौड, टेबल टेनिस र हाजिरीजवाफ हुनेछ। यस्तै, नृत्य, गायनलगायत अन्य अतिरिक्त कार्यक्रम पनि हुने उहाँले बताउनुभयो।

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Food Technology and Quality Control

**Food Technology and Quality Control Office**

**Hetauda, Makawanpur**

**Invitation for Sealed Quotation**

Invitation for sealed quotation for the procurement of Laboratory Equipments
Sealed Quotation No. FTQCOH/SQ/01/080/81

*Date of Publication: 2080-10-17*

1. The Food Technology and Quality Control Office, Hetauda invites sealed quotations from registered supplier's for the supply, delivery and installation of following laboratory equipments.

| Sealed Quotation No. | Description | Bid security | Remarks |
|---|---|---|---|
| FTQCOH/SQ/01/080/81 | Procurement of total 14 sets of different Lab Equipment | 30,000/- | All others not mentioned in the description will be as per approved technical specifications |

2. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the Food Technology and Quality Control Office, Hetauda (Contact no. 057-412819).
3. A complete set of Bidding Documents may be purchased from Food Technology and Quality Control Office, Hetauda on the submission of a written application, along with the copy of company/form registration certificate and upon payment of a non-refundable fee of Rs.1,000/- till 6th Falgun, 2080 during office hours.
4. Sealed bids must be submitted to the Food Technology and Quality Control Office, Hetauda on or before 5:00 pm on 6th Falgun, 2080. Bids received after the deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 01:00 pm on 8th Falgun, 2080 at the office of Food Technology and Quality Control Office, Hetauda. Bids must be valid for the period of 45 days after bid opening and must be accompanied by a bid security as shown in above table; in any of the following forms:
(a) a cash deposit voucher in the Purchaser's Account as specified in the BDS under following bank details or;
*Name of the Bank: Nepal Bank Limited, Hetauda*
*Name of the Office: Food Technology and Quality Control Office, Hetauda*
*Office Code No: 312033201*
*Account Name: KA 2.3- KO LE NI KA MAKAWANPUR DHARAU*
*Account No: 02501000002003000001*
(b) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last submission falls on the government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain as same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all of the sealed quotations without assigning any reason, whatsoever.
8. Except the mentioned clauses all other conditions of the bidding process must follow the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

**श्री जनप्रिय माध्यामिक विद्यालय**
**(प्राविधिक शिक्षालय)**
**हेटौँडा-१६, हटिया चिसापानी**

**शिक्षक र सहायक प्रशिक्षक आवश्यकता**

*(सूचना प्रकाशित मिति : २०८०/१०/१७ गते)*

यस श्री जनप्रिय मावि (प्राविधिक शिक्षालय), हेटौँडा-१६, चिसापानी मकवानपुर हेटौँडामा शिक्षा विकास तथा समन्वय ईकाइ मकवानपुरको मिति २०८०।१०।१६ गतेको च.नं. १०२८ र च.नं. १०२९ को विज्ञापन अनुमतिपत्र अनुसार कक्षा ११-१२ (उच्च मावि) दरवन्दीमा स्वास्थ्य तथा शारीरिक शिक्षा विषयको मावि द्वितीय शिक्षक १ (एक जना) र प्राविधिक धार बालीविज्ञान विषयको सहायक प्रशिक्षक पदका लागि करार सेवामा १ (एक) जना पूर्णकालीन पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदहरुमा तपसिल बमोजिमको आधारमा दक्ष एवम् योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आह्वान गरिएको छ। साथै तलब सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

**तपसिल :**

**विज्ञापन नं.: ५/८०-८१**
पदः शिक्षक (मावि द्वितीय श्रेणी)
सेवाः अस्थाथी (करार)
संख्याः १ (एक)
शैक्षिक योग्यताः स्वास्थ्य तथा शारीरिक शिक्षा विषयमा (M.Ed/M.A.) स्नातकोत्तर हुनुपर्नेछ। साथै मावि तहको अध्यापन अनुमतिपत्र अनिवार्य पेश गर्नुपर्नेछ।
उमेरः २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

**विज्ञापन नं.: ६/८०-८१**
पदः बालीविज्ञान सहायक प्रशिक्षक (निमावि तृतीय श्रेणी सरह)
सेवाः अस्थायी (करार)
संख्याः १ (एक)
शैक्षिक योग्यताः बालीविज्ञान विषयमा कक्षा १२ उत्तीर्ण वा 3 year Plant Science Diploma उत्तीर्ण गरेको वा सो सरह हुनुपर्नेछ। माथिल्लो योग्यता भएकालाई प्रथमिकता दिईनेछ।
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
दरखास्त दिने अन्तिम मितिः २०८०/११/०२ गते, फारम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ।
सम्पर्क मितिः २०८०/११/०२ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरु:**
एसएलसी/एसईईदेखि माथिका सबै तह उत्तीर्ण लब्धांकपत्र एवम् चारित्रिक प्रमाणपत्रको वा सो सरहको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु २-२ प्रति, नेपाली नागरिकताको प्रतिलिपी २ प्रति। साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर मावि द्वितीय श्रेणीका लागि रु. १,५००।- र निमावि तृतीय श्रेणीका लागि रु. १,०००।- लेखा शाखामा नगद बुझाएको नगदी रसिद वा बैंक दाखिला गरेको भौचर संलग्न राखी बुझाउनुपर्नेछ।

**शिक्षक छनौट समिति**
**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौँडा १६, हटिया चिसापानी सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ